# भरतपुर खानेपानी व्यवस्थापन वोर्ड

## भरतपुर, चितवन

## करार सेवामा इन्जिनियर नियुक्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७४।११।०६)

यस वोर्डको लागि देहायको इन्जिनियर पदमा खुल्ला प्रतिस्पर्धाद्वारा सेवा करारमा पद पूर्ति गर्नुपर्ने भएकाले तपसीलको योग्यता पुगेका कुनै कानुनवाट अयोग्य नठहरिएका योग्य नेपाली नागरिकले कार्यालयवाट निर्धारित दरखास्त फारममा उल्लेखित विवरण खुलाई तोकिएको दस्तुर सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको स्थानमा दरखास्त वुझाउन यो सूचना प्रकाशित गरिएको छ ।

दरखास्त फारम भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कार्यालयवाट निःशुल्क उपलव्ध हुनेछ । साथै वोर्डको website: www.bwsmb.org.np बाट Download गर्न सकिनेछ । सम्वन्धित उम्मेदवारले एक प्रति दरखास्त फारम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्रै वोर्डको कार्यालयमा वुझाउनु पर्नेछ । रीत नपुगेको, म्याद नाघी आएको, आवश्यक न्यूनतम योग्यता नपुगेको र शर्त सहितको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**<u>दरखास्त आह्वान गरिएको पद सम्वन्धी विवरण</u>**

| क.स. | विज्ञापन नं. | पद, सेवा र समूह | तह | पद संख्या | परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १/०७४/०७५ | इन्जिनियर, प्राविधिक, सिभिल | सातौं | १ (एक) | १,०००।- | लिखित र अन्तर्वार्ता |

१. सेवाको कार्य शर्त विवरण (TOR) : भरतपुर खानेपानी व्यवस्थापन वोर्डवाट इन्जिनियर, सिभिल सातौं तहको लागि निर्धारित कार्यविवरणमा उल्लेख भए वमोजिम

२. सेवाको किसिम : करार

३. सेवाको अवधि : २०७५ आषाढ मसान्तसम्म (कार्य सम्पादन मूल्याङ्कनको आधारमा थप गर्न सकिने )।

४. योग्यता : क) उमेर : २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
ख) प्रचलित कुनै पनि कानुनवाट उम्मेदवार हुन अयोग्य नठहरिएको ।

५. आवश्यक न्यूनतम शैक्षिक योग्यता : क) सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण भएको ।
ख) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
ग) शैक्षिक प्रमाणपत्रमा श्रेणी नखुलेको हकमा आवेदक स्वयंले सम्वन्धित शैक्षिक संस्थावाट श्रेणी खुलाई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

६ दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।
(ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
(घ) कार्य अनुभव भए अनुभवको प्रमाणपत्रहरु तथा अन्य कागजातहरु ।
(ङ) परीक्षा दस्तुर वापत वोर्डको भरतपुर चौविसकोठी स्थित प्राईम कमर्सियल वैंकको खाता नम्वर **००३०००६७** CA मा नगद जम्मा गरेको सक्कल वैंक भौचर
(च) प्रमाणपत्रको प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्नेछ ।
(छ) दरखास्त पेश गर्ने उम्मेदवार कुनै सरकारी वा गैर सरकारी संघ संस्थामा कार्यरत रहेको भए सम्वन्धित संस्थाको No Objection Letter दरखास्त साथ पेश गर्नु पर्नेछ ।

७. दरखास्त वुझाउने स्थान : भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कार्यालय, भरतपुर १०, चितवन ।

८. दरखास्त वुझाउने अन्तिम मिति : २०७४ फाल्गुण २० गते कार्यालय समय भित्र । उक्त दिन विदा परेमा सोको भोलीपल्ट सम्म

९. लिखित परीक्षा र अन्तरवार्ताको मिति र स्थान : पछि प्रकाशित गरिनेछ ।

१०.सेवा तथा सुविधा : कार्यालयको प्रचलित नियम अनुसार हुनेछ ।

११. थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न वा ०५६-५२४९१६ मा सम्पर्क गर्न सकिनेछ ।

सदस्य सचिव
छनौट समिति